नेपाल सरकार
वाणिज्य मन्त्रालय
# वाणिज्य विभाग
(प्रशासन तथा योजना शाखा)

फोन नं. ४-२४७९१२, ४-२४७९१३
फ्याक्स नं. ९७७-१-४२४९६०३
(कृपया पत्रोत्तरमा पत्र संख्या र मिति अवश्य उललेख गर्नुहोला ।

प. सं. ०७४/७५
च.नं. ५५.

मिति: २०७४/०४/२७

**विषय :- फर्म दर्ता सम्बन्धमा ।**

**श्री महानगरपापिका, उपमहानगरपालिका, नगरपालिका, गाउपालिकाको कार्यालय,**
**उद्योग विकास शाखा,**
झापा/ सुनसरी/ सिराहा/ सप्तरी/ महोत्तरी/ धनुषा/ सर्लाही/ काभ्रे/ मकवानपुर/ बारा/ चितवन/ रौतहट/ नवलपरासी/ कपिलवस्तु/ कास्की/ पाल्पा/ दाङ्ग/ बर्दिया/ कन्चनपुर/ईलाम/ ताप्लेजुङ्ग/ पाँचथर/ धनकुटा/ संखुवासभा/ तेह्रथुम/ भोजपुर/ उदयपुर/ खोटाङ्ग/ सोलुखुम्बु/ ओखलढुंगा/ दोलखा/ रामेछाप/ सिन्धुली/ सिन्धुपाल्चोक/ नुवाकोट/ रसुवा/ धादिङ्ग/ तनहुँ/ मनाङ्ग / गोरखा/ लमजुङ्ग/ स्याङ्जा/ बाग्लुङ/ गुल्मी/ म्याग्दी/ मुस्ताङ/ पर्वत/ अर्घाखाँची/ प्यूठान/ सल्यान/ रोल्पा/ रुकुम/ सुर्खेत/ दैलेख/ कालिकोट/ जाजरकोट/ जुम्ला/ मुगु/ डोल्पा/ हुम्ला/ डोटी/ अछाम/ बाजुरा/ बझाङ/ बैतडी/ डडेलधुरा र दार्चुला

प्रस्तुत विषयमा वाणिज्य प्रशासनसम्बन्धी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा सुलभ ढङ्गबाट पाउने अवस्था सृजना गरी सुशासनको प्रत्याभूति दिलाउन प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम नं. ६(२) तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २२ बमोजिम प्रत्यायोजित अधिकारहरु बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि यथावत कार्य सुचारु गर्ने सम्बन्धमा यस विभागबाट मिति २०७४/०४/११ मा भएको परिपत्र प्राप्त भएकै छ । यस विभागबाट प्रत्यायोतित अधिकारबमोजिम सवै प्रकारका उद्देश्य भएका प्राइभेट तथा साझेदारी फर्म त्यहाँबाट दर्ता भइरहेको तर हाल स्थानीय निकायमा दर्ता भएको फर्महरुलाई भंसार विभागबाट उपलव्ध गराइने आयात निर्यात संकेत नम्बर (EXIM Code) प्रदान गर्न असहज भएको बुझिन आएको साथै नेपालको संविधानबमोजिम अन्तराष्ट्रिय व्यापार संघीय अधिकारको सूचीमा समावेश भएकोले आयात निर्यात उद्देश्य भएका फर्म बाहेक अन्य फर्म दर्ता सन्बन्धी कार्य सम्पादन साविकबमोजिम गर्नु गराउनु हुन अनुरोध छ । साथै आयात निर्यात उद्देश्य भएका फर्महरुको दर्ता तथा अभिलेखसम्बन्धी कार्य वाणिज्य विभाग र मातहतका वाणिज्य कार्यालयहरुबाट हुने व्यहोरा समेत अनुरोध छ ।

(योगेन्द्र गौचन)
महानिर्देशक

**बोधार्थ :**
श्री वाणिज्य मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री उद्योग मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री घरेलु तथा साना उद्योग विकास समिति, त्रिपुरेश्वर, काठमाडौं ।